# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक

# बीमा नीति तथा कार्यक्रम




## नेपाल बीमा प्राधिकरण

### कुपण्डोल, ललितपुर

# विषय-सूची


| शिर्षक | पेज नं. |
| --- | --- |
| **खण्ड-क** | |
| १. पृष्ठभूमी | १ |
| २. सोच | २ |
| ३. लक्ष्य | २ |
| ४. उद्देश्य | २ |
| ५. नीति तथा कार्यक्रमको स्वट विश्लेषण (SWOT Analysis) | २-३ |
| ६. वार्षिक बीमा नीति तथा कार्यक्रमको आधारहरु | ४ |
| ७. वार्षिक बीमा नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु | ४-५ |
| **खण्ड-ख** | |
| ८. नीति | ५ |
| ९. कार्यनीति | ५-८ |
| १०. वार्षिक बीमा नीति तथा कार्यक्रमको कार्यान्वयन | ८ |


नेपाल बीमा प्राधिकरण

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बीमा नीति तथा कार्यक्रम

## १. पृष्ठभूमि

विकासशील राष्ट्रहरूको आर्थिक तथा सामाजिक सुरक्षामा बीमा क्षेत्रको भूमिका दिनानुदिन महत्वपूर्ण बन्दै गएको छ। बीमाको पहुँच विस्तार, नवीन बीमा योजनाहरूको विकास, प्रविधिको समुचित प्रयोग तथा नियामक निकायद्वारा प्रभावकारी नियमन तथा सुपरिवेक्षणमार्फत बीमा प्रणालीलाई विश्वसनीय, पारदर्शी र दिगो बनाउनु आजको आवश्यकता हो।

२०८२ साल वैशाख मसान्तसम्ममा नेपालको कुल जनसंख्याको ४७.३९ % मा जीवन बीमाको पहुँच पुगेको छ भने ५२.६१% जनसंख्या बीमाको पहुँच बाहिर छ। तुलनात्मक रुपमा ग्रामीण तथा न्यून आय भएका वर्गहरू हालसम्म पनि बीमा सेवाबाट वञ्चित छन्। बीमा विस्तारका लागि प्राधिकरणमा हाल कार्यरत १५८ जना र बीमा कम्पनीहरुमा २०८२ साल वैशाख मसान्तसम्ममा कार्यरत १२,१६२ जना कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्दै अनुसन्धानमूलक तथा आवश्यकतामा आधारित नवीनतम बीमालेखहरु निर्माण गर्न, ग्राहक केन्द्रित सेवा र वितरण प्रणालीको विकास गर्न तथा बीमा साक्षरतामा जोड दिन आवश्यक देखिन्छ।

आजको डिजिटल युगमा प्रविधिको प्रयोग अत्यावश्यक भईसकेको छ। मोबाइल एप, टेलिम्याटिक्स, इन्स्योरटेक, सुपटेक लगायतका डिजिटल प्रणालीको प्रयोग गरी प्रविधिमैत्री बीमा सेवा प्रदान गर्न अपरिहार्य भएको छ। बीमकले प्रविधिको प्रयोगद्वारा यथाशिघ्र दाबी भुक्तानी गर्दै बीमा क्षेत्रमा पारदर्शिता र जवाफदेहिता कायम गर्न प्राधिकरणले प्रभावकारी बीमा नियमन तथा सुपरिवेक्षण प्रणालीको विकास गर्ने योजना छ। आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिकसम्ममा रहेको बीमकहरुको रु. ८ खर्ब ४७ अर्ब १२ करोड लगानीलाई सुरक्षित र प्रभावकारी बनाउँदै, बीमकहरूको वित्तीय स्थायित्व, जोखिम व्यवस्थापन तथा बीमित हित संरक्षण गर्न बीमा प्राधिकरण सक्रिय नियामक निकायको भूमिका निभाउन तयार छ।

प्रचलित कानून, राष्ट्रिय बीमा नीति, बीमा नियमावली, प्राधिकरणको पञ्चवर्षिय रणनैतिक योजना, विगतका वर्षका कार्यक्रमहरू तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई समेत आधार बनाई बीमा ऐन, २०७९ को मूल मर्म अनुसार बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गरणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवम् बीमा व्यवसायको प्रभावकारी रुपमा नियमन गरी बीमितको हित संरक्षण गर्ने लक्ष्य यो बार्षिक नीतिले राखेको छ।

२. **सोच:-** "सहज पहुँचयुक्त, विश्वसनीय, सुदृढ र गुणस्तरीय बीमा प्रणालीको विकास"।

३. **लक्ष्य :-** प्रतिस्पर्धी विश्वसनीय बीमा प्रणालीको विकास एवम् विस्तार गरी बीमा क्षेत्रमा थप संस्थागत सुशासन कायम गर्ने ।

४. **उद्देश्य :-**

क. बीमा सेवाको गुणस्तर अभिवृद्धि गरी आधुनिक तथा दिगो बीमा प्रणालीको विकास गर्ने,

ख. जीवन, सम्पत्ति तथा दायित्वको जोखिम न्यूनीकरण गर्दै सबल अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने,

ग. बीमा क्षेत्रलाई व्यवस्थित, प्रतिस्पर्धी, विकसित तथा विश्वसनीय बनाउने,

घ. बीमित हित संरक्षण गर्ने ।

५. **नीति तथा कार्यक्रमको स्वट विश्लेषण (SWOT Analysis)**

सबल पक्षहरु (Strengths)

- बीमा ऐन, २०७९ ले निर्दिष्ट गरेका उद्देश्य बमोजिम नीति तथा कार्यक्रम तयार गरिएको,
- बीमा नियमावली, २०८१ तथा जीवन, सम्पत्ति तथा दायित्वसँग सम्बन्धित विभिन्न निर्देशिका, कार्यविधि निर्माण भई नियमन सम्बन्धी कानूनी आधार तयार भएको,
- बीमा प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको,
- प्राधिकरणका केन्द्रिय तथा प्रदेश कार्यालयका कर्मचारी तथा बीमक तथा बीमा क्षेत्रका अन्य सरोकारवालाहरुद्वारा प्राप्त राय सुझाव संकलन गरी समावेश गरिएको,
- अध्ययन/अनुसन्धान तथा नवीनतम प्रयोग (Innovation) लाई प्राथमिकतामा राखिएको,
- नीति तथा कार्यक्रममा कार्यान्वयनयोग्य विषय समावेश गरिएको र जिम्मेवार महाशाखा समेत तोकिएको ।

दुर्वल पक्षहरु (Weakness)

- आवश्यक श्रोतको पर्याप्तता सुनिश्चत गर्न कठिनाई भएको,

नेपाल बीमा प्राधिकरण

- बीमाक्षेत्रको सरोकारवालाहरु बीच समन्वय कमजोर रहेको,
- नीति तथा कार्यक्रम निर्माण गर्दा बीमितको राय/सुझाव समेट्न नसकिएको ।

अवसरहरु (Opportunities)

- नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् बजेटमा बीमा क्षेत्रलाई प्राथमिकतामा राखिएको,
- नीति तथा कार्यक्रमले बीमा बजारलाई विधि र पद्दतिमा अघि बढ्न मद्दत गर्ने देखिएको,
- बीमा प्रणाली र बीमा व्यवसायमा देखिने नैतिक जोखिम (Moral Hazard) लाई नियन्त्रण गर्न सकिने देखिएको,
- बीमितलाई गुणस्तरीय र भरपर्दो बीमा सेवा उपलब्ध गराउन सकिने देखिएको,
- बीमा क्षेत्रमा बढ्दो प्रविधिको प्रयोगले नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहज हुने देखिएको,
- नयाँ बीमा ऐन, २०७९ र बीमा नियमावली, २०८१ ले बीमा क्षेत्रमा नयाँ आयाम ल्याउनुका साथै नेपाल बीमा प्राधिकरणलाई थप सशक्त नियमनकारी निकायको रुपमा स्थापित गरेको ।

चुनौतीहरु (Threats)

- नीति तथा कार्यक्रममा समावेश गरिएका नयाँ अभ्यासहरुको अपेक्षित परिणाम आउने सुनिश्चत गर्न कठिन देखिएको,
- नीति तथा कार्यक्रमको कार्यान्वयनका क्रममा आईपर्न सक्ने चुनौतीहरु समावेश गर्न सम्भवना कम रहेको,
- प्राकृतिक विपत्तिको कारणले बीमा क्षेत्रमा आईपर्ने जोखिमको प्रकृति र परिमाण अनिश्चित भएको,
- अन्य संघ / संस्थासँग निर्भर भई सम्पन्न गर्ने कार्यहरु समयमा सम्पन्न नहुन सक्ने सम्भावना रहेको ।

६. **वार्षिक बीमा नीति तथा कार्यक्रमका आधारहरू:** वार्षिक बीमा नीति तथा कार्यक्रम निर्माणक्रममा देहायका आधारहरू लिई यस नीति तथा कार्यक्रम तयार गरिएको छ ।

- बीमा ऐन, २०७९
- बीमा नियमावली,२०८१
- राष्ट्रिय बीमा नीति,२०८०
- नेपाल सरकारको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम,
- नेपाल सरकारको आ.व. २०८२।०८३ को बजेट वक्तव्य,
- नेपाल सरकारको १६औं पञ्चवर्षीय योजना
- दिगो विकासका लक्ष्यहरु,
- प्राधिकरणको पञ्चवर्षिय रणनीतिक योजना २०२३-२०२७
- प्राधिकरणबाट जारी भएका विभिन्न नीति तथा निर्देशन,
- प्राधिकरणका विगतका वर्षका वार्षिक नीति तथा कार्यक्रमहरू,
- बीमा क्षेत्रका सरोकारवालाबाट प्राप्त राय तथा सुझावहरू,
- अन्तर्राष्ट्रिय असल अभ्यास तथा मान्यताहरु,
- बीमा सम्बन्धी विद्यमान अन्य कानूनी व्यवस्था।

## ७. वार्षिक बीमा नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरू:

प्राधिकरणले देहायका क्षेत्रहरुलाई प्राथिमकतामा राखी आ.व.२०८२/८३ को वार्षिक बीमा नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

- बीमित हित संरक्षण,
- वित्तीय साक्षरता तथा बीमा प्रवर्द्धनको माध्यमबाट बीमाको पहुँचमा वृद्धि,
- बीमाको माध्यमबाट जोखिमको रक्षावरण गरी वित्तीय स्थायित्व कायम,
- जलवायु परिवर्तन तथा विपदबाट सिर्जना हुने जोखिमको रक्षावरण,
- अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुसन्धानमा आधारित नीति निर्माण तथा कार्य संचालन,

नेपाल बीमा प्राधिकरण

- प्राधिकरणको आन्तरिक संरचना र नियामकीय क्षमता सुदृढीकरण,
- सूचना प्रविधिको अधिकतम प्रयोग ।

## ८. नीति:

(क) बीमा सेवालाई विश्वसनीय, पारदर्शी, सर्वसुलभ र गुणस्तरीय बनाउँदै बीमितको हकहित संरक्षण गर्ने,

(ख) बीमा क्षेत्रको पहुँच बढाउनका लागि बीमा सचेतना अभिवृद्धि तथा बीमा प्रवर्द्धनात्मक कार्य गर्ने ,

(ग) प्राधिकरणको कानूनी संरचना र बीमा सम्बन्धी विवाद तथा उजुरी निरूपणको प्रक्रियालाई प्रभावकारी बनाउने,

(घ) अन्तर्राष्ट्रिय असल अभ्यासलाई अनुशरण गर्दै प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गर्ने र आन्तरिक संरचनालाई सुदृढ बनाउने,

(ङ) अनुसन्धानमा आधारित नीति निर्माण, बीमालेख विकास तथा गुणस्तरीय सेवा प्रवाह गर्ने/गराउने,

(च) बीमा क्षेत्रलाई प्रविधिमैत्री बनाउने,

(छ) जोखिममा आधारित निरीक्षण प्रणालीको अवलम्बन गर्दै बीमकको नियमन, सुपरिवेक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउने ।

## ९. कार्यनीति:

**९.१ नीति नं. ८ (क) (बीमा सेवालाई विश्वसनीय, पारदर्शी, सर्वसुलभ र गुणस्तरीय बनाउँदै बीमितको हकहित संरक्षण गर्ने) सँग सम्बन्धित**

(क) प्रचलनमा रहेका बीमालेखका शर्त/ सुविधा तथा अपवादहरुको सहज जानकारी दिने प्रणालीको विकास गर्ने,

(ख) डिजिटल भुक्तानी तथा वैकल्पिक वितरण प्रणाली मार्फत बीमा सेवालाई सर्वसुलभ बनाउने,

(ग) बीमा क्षेत्रमा पारदर्शिता अभिवृद्धिका लागि बीमकहरुमा पारदर्शिता ड्यासबोर्ड (Transparency Dashboard) प्रणाली लागू गर्ने,

(घ) बीमित हित संरक्षणका लागि कानूनी व्यवस्था गर्ने ।

**९.२ नीति नं. ८(ख) (बीमा क्षेत्रको पहुँच बढाउनका लागि बीमा सचेतना अभिवृद्धि तथा बीमा प्रवर्द्धनात्मक कार्य गर्ने) सँग सम्बन्धित,**

नेपाल बीमा प्राधिकरण

(क) लघु तथा कृषि बीमालाई प्राथमिकतामा राख्दै, दुर्गम तथा भौगोलिक रुपमा विकट क्षेत्रहरुमा सचेतना मार्फत बीमाको पहुँच वृद्धि गर्ने,

(ख) बीमा व्यवसायको विकास र विस्तारका लागि प्रदेश, स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायसँग सहकार्य गर्ने,

(ग) विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा बीमा सम्बन्धी विषय समावेश गर्ने,

(घ) बीमा सचेतना अभिवृद्धिका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा कार्यक्रम संचालन गर्ने,

(ङ) सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बीमा गर्ने व्यवस्था मिलाउने ।

**९.३ नीति नं. ८(ग) (प्राधिकरणको कानूनी संरचना र बीमा सम्बन्धी विवाद तथा उजुरी निरूपणलाई प्रभावकारी बनाउने) सँग सम्बन्धित,**

(क) गुनासो तथा उजुरी प्रक्रियालाई डिजिटल प्रणालीमा आवद्ध गर्ने,

(ख) बीमा सम्बन्धी उजुरी तथा फैसलाहरु अध्ययन गरी आवश्यकतानुसार बीमालेख तथा प्राधिकरणका नीति/ निर्देशनहरु परिष्कृत गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कानूनलाई प्रभावकारी कार्यान्वयन गर्ने,

(घ) बीमा सम्बन्धी विद्यमान कानूनी संरचनाको प्रभावकारिता अध्ययन गरी आवश्यक विनियम, निर्देशिका आदि जारी गर्ने ।

**९.४ नीति नं. ८(घ) (अन्तर्राष्ट्रिय असल अभ्यासलाई अनुशरण गर्दै प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गर्ने र आन्तरिक संरचनालाई सुदृढ बनाउने) सँग सम्बन्धित,**

(क) International Association of Insurance Supervisors (IAIS) ले प्रतिपादन गरेको Insurance Core Principles को कार्यान्वयनको अवस्था बारे समिक्षा गर्ने,

(ख) प्राधिकरणको क्षमता विकासका लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्बन्ध अभिवृद्धि गर्ने,

(ग) कर्मचारी तालिम तथा विकास सम्बन्धी दिग्दर्शन बनाई लागू गर्ने,

(घ) प्राधिकरण तथा बीमकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने,

(ङ) प्राधिकरणका प्रादेशिक कार्यालय र बीमकका प्रदेश, शाखा र उपशाखा कार्यालयलाई थप सुदृढ बनाउने ।

**९.५ नीति नं. ८(ङ) (अनुसन्धानमा आधारित नीति निर्माण, बीमालेख विकास तथा गुणस्तरीय सेवा प्रवाह गर्ने/गराउने) सँग सम्बन्धित,**

(क) बीमाको विद्यमान अवस्था सम्बन्धमा अध्ययन/अनुसन्धान गरी बीमितको आवश्यकतानुसार बीमालेख निर्माण गर्ने / गराउने,

(ख) सम्पूर्ण बीमकले कम्तीमा एउटा नवीनतम बीमालेख निर्माण गर्ने व्यवस्था मिलाउने,

(ग) बीमकको लगानी सम्बन्धी विद्यमान कानूनी व्यवस्था समयानुकुल परिमार्जन गर्ने,

(घ) पुनर्बीमा सम्बन्धी विद्यमान कानूनी व्यवस्था समयानुकुल परिमार्जन गर्ने,

(ङ) बीमा क्षेत्रमा लैगिंक समावेशिता प्रवर्द्धन गर्ने संयन्त्रको विकास गर्ने,

(च) नयाँ मृत्युदर तालिका (Mortality Table) निर्माण गर्ने,

(छ) जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी कानूनी संरचना निर्माण लगायत अन्य आवश्यक कार्य गर्ने,

(ज) बीमा सूचना केन्द्र स्थापना सम्बन्धी कार्य गर्ने,

(झ) बीमा विकास कोष कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ञ) बीमा क्षेत्रमा विद्यमान बीमादर (Tariff) को अध्ययन गरी समयानुकुल परिमार्जन गर्ने,

(ट) बीमा सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने ।

**९.६ नीति नं. ८(च) (बीमा क्षेत्रलाई प्रविधिमैत्री बनाउने) सँग सम्बन्धित,**

(क) बीमकहरुसँग प्रभावकारी समन्वयको लागि नियामकीय अलर्ट सिस्टम (Regulatory Alert System) को विकास गर्ने,

(ख) प्राधिकरणमा ज्ञान व्यवस्थापन प्रणाली (Knowledge Management System) निर्माण गर्ने,

(ग) Insurance Regulatory Management Information System (IRMIS) र Agriculture and Livestock Insurance System (ALIS) लाई थप प्रभावकारी बनाउने,

(घ) बीमकले बीमितलाई दाबी प्रक्रियाको अवस्थाबारे अद्यावधिक जानकारी दिने प्रणालीको व्यवस्था गराउने,

(ङ) बीमा क्षेत्रलाई प्रविधिमैत्री बनाउन आवश्यक कानूनी संरचना विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने,

(च) विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने संयन्त्रको विकास गर्ने ।

नेपाल बीमा प्राधिकरण

**९.७ नीति नं. ८(छ) (जोखिममा आधारित निरीक्षण प्रणालीको अनुशरण गर्दै, बीमकको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउने) सँग सम्बन्धित**

(क) जोखिममा आधारित प्रणाली (RBC, RBS, ORSA) र NFRS को प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) जोखिममा आधारित पूँजी सम्बन्धी कानूनी व्यवस्था (QRRT, RBC Technical Specification र Capital Charge) लाई समयानुकुल पूनरावलोकन गर्दै अन्तर्राष्ट्रिय मापदण्ड अनुसार परिष्कृत गर्दै लैजाने,

(ग) प्राधिकरणको समग्र जोखिम सम्बन्धी अध्ययन तथा विश्लेषण गर्ने,

(घ) जोखिममा आधारित बीमाशुल्क गणना गर्ने प्रणालीको सम्भाव्यता अध्ययन गर्ने,

(ङ) बीमकको विस्तृत तथा विषयगत सुपरिवेक्षणलाई सशक्त र प्रभावकारी बनाउने,

(च) Key Performance Indicators लागू गरी बीमकको कार्य सम्पादनको त्रैमासिक समिक्षा गर्ने,

(छ) बीमा क्षेत्रमा महाविपत्तिबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने।

**१०. वार्षिक बीमा नीति तथा कार्यक्रमको कार्यान्वयन :**

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नीति तथा कार्यक्रमसंग सम्बन्धित महाशाखालाई जिम्मेवार महाशाखा र सो महाशाखालाई सहयोग तथा समन्वय गर्ने महाशाखालाई सहयोगी महाशखाको रुपमा पहिचान गरिनेछ । नीति तथा कार्यक्रमको उपलब्धीलाई सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ । यस नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गरिनेछ र कार्यक्रमको समयसीमा तोकी सम्बन्धित महाशाखालाई जिम्मेवार बनाउँदै निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिनेछ। वार्षिक बीमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट बीमा क्षेत्रको विकास तथा विस्तार हुनुका साथै पहुँच वृद्धि भई बीमाको माध्यमबाट समष्टिगत आर्थिक क्षेत्रको विकासमा समेत सहयोग पुग्नेछ।

नेपाल बीमा प्राधिकरण